# दैनिक संगम सोच

SANGAM SOCH DAILY

वर्ष :– ०७ / अंक :–३३ / २०७७ बैशाख २२ गते, सोमवार/ ०४ मेई सन् २०२०, मूल्य :– रु. ५ / पृष्ठ :– ४


## संकटको बेला सरकार परिर्वतनको खेल सभापति यादव



रौतहट ॥ नेपाली काग्रेस जिल्ला कार्य समिति रौतहटका सभापति कृष्ण प्रसाद यादवले नेपाल सरकारको रवैया प्रति असंतुष्टि जनाएका छन । कोरोना भाइरसको संकास्पद व्यक्तिको लागी स्थापना गरीएको क्वारेन्टाइनमा रहेका सुरक्षाकर्मी , स्वास्थ्यकर्मीको सुरक्षामा सहयोग पुग्ने उदेश्यले आफनो निजि स्रोतवाट पिपिइ सेट , सर्जिकल माक्स , हैण्ड सैनिटाइजर , सावुन हस्तानान्तरण गर्नको लागी रौतहटको राजदेवी नगरपालिका वडा नं.७ मुडवलवा स्थित नेमधारी बासुदेव नमुना विधालयमा स्थापना गरिएको क्वारेनटाइनमा स्वास्थ्य समाग्री हस्तानान्तरण गरे पछि संचारकर्मी सित कुरा गर्दै सभापति यादवले नेपाल सरकार कोभिड १९ को संक्रमण रोकथाम प्रति गम्भीर नभएको आरेप लगाए ।

पुर्व सासद समेत रहेका यादवले भने नेपाली जनताको स्वास्थ्य सुरक्षा प्रति सम्वेदनसिल भएर लाग्नुको साटो सतापक्ष दल प्रधानमन्त्री बनाउने खेलमा लागेको छ । विश्व कोरोनाको महामारीवाट आकान्त बनेको अवस्थामा नेपालमा सरकार बनाउने , पार्टी फुटाउने खेलमा लागेको आलेचना गरे । नेपालमा भाइरसको संकमण फैलिएमा नियन्त्रण गर्न सक्ने क्षमता नेपाल सरकारको नरहेकोले भयावह अवस्था आउन नदिन सरकारलाई आग्रह समेत गरे ।

सभापति यादवले स्वास्थयकर्मी , सुरक्षाकर्मी अग्रपंथिमा रहेर कार्य गर्दै आएकोले उनीहरुको स्वास्थ्यको ध्यान दिनु पर्ने धारणा राखे । प्रादेशिक प्रयोगशाला जनकपुरको पिसिआर परिक्षण प्रति चिन्ता व्यक्त गर्दै उहाले दक्ष योग्य चिकित्सकको साथै स्तरिय मेशिनको व्यवस्था गर्नु पर्ने जोड दिए । दिनदिनै बढदै गएको संक्रमणको अवस्था नियन्त्रण नभए मुलुकमा जटिल अवस्था आउन सक्ने उल्लेख गरे ।

प्राणघातक रोगको रुपमा रहेको कोरोनाको संक्रमणवाट जोगिनको लागी आफनो सुरक्षा आफै गर्नु पर्ने आग्रह गरे । सभापति यादवले आफनो निजि स्रोतवाट जिल्लाको विभिन्न स्थानिय तहमा बनाइएको क्वारेन्टाइनमा पिपिइ ४ सेट , सावुन ३० पिस , सर्जिकल माक्स , सैनिटाइजर सहयोग गरेका छन । मुडवलावा क्वारेन्टाइनमा ९४ जना भारतिय नागरीक रहेका छन । बसेकाहरुको अहिले सम्म संक्रमणको कुनै लक्ष्ण देखा नपरेको स्वास्थ्य परिक्षणको लागी खटेका स्वास्थ्यकर्मीले बताएको छ ।

# परोहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

लौकाहा, रोतहट

प्रदेश नं. २ नेपाल

### करारमा सेवा लिने सम्बन्धी सुचना

(सुचना प्रकाशित मिति : २०७७/०१/२२)

यस परोहा नगरपालिकाका लागि निम्न पदमा करार नियुक्ति गर्नु पर्ने भएकोले योग्यता पुगेको नेपाली नागरिकले सूचना प्रकाशन भएको तपस्लि अनुसारको रित पूर्वकको दरखास्त फर्म पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद | सेवा/समुह | तह | संख्या | न्युनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १/२०७६/०७७ | स्टाफ नर्स | स्वा./नर्सिङ्ग | पाँचौ | १ | मान्यता प्राप्त संस्थाबाट स्टाफ नर्स उतिर्ण गरी नर्सिङ्ग काउन्सिलमा दर्ता/नविकरण भएको | ५००। |
| २/२०७६/०७७ | अ.न.मी. | स्वा./नर्सिङ्ग | चौथो | ६ | मान्यता प्राप्त संस्थाबाट अ.न.मी. उतिर्ण गरी नर्सिङ्ग काउन्सिलमा दर्ता/नविकरण भएको | ५००। |

१. दर्खास्त दिने अन्तिम मिति २०७७/०१/३१ गते सम्म
२. दरखास्त दिने स्थान : परोहा नगरपालिका, लौकाहा रौतहट, वा www.ito.parohamun@gmail.com मा पनि ईमेल मार्फत दिन सकिनेछ ।
३. परिक्षाको किसिम : अन्तवर्ता
४. दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय समयमा ।
५. काम गर्नु पर्ने स्थान : परोहा नगरपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरु ।
६. तलब सुविधा : सम्झौता अनुसार ।
७. दरखास्त फारम : परोहा नगर कार्यपालिकाको कार्यलयबाट प्रप्त गर्न सकिने छ । वा www.parohamun.gov.np मा पनि डाउनलोड गर्न सकिनेछ ।
८. दरखास्त फारम साथमा पेश गर्नु पर्ने कागजातहरु : नेपाली नागरिकताको प्रतिलिपि, न्युनतम शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपि चारित्रिक प्रमाण पत्रको प्रतिलिपि । यी कागजातहरु तोकिएको ईमेल मार्फत पाठाए पनि हुन्छ । अन्तवर्ताको दिन सबै प्रमाण पत्रको सक्कलै प्रति लिई उपस्थित हुनु पर्नेछ ।
९. दरखास्त दस्तुर : परोहा नगर कार्यपालिकाको कार्यलय राजस्व शाखामा बुझाई सकलै रसिद दरखास्त फारम साथमा राखि पेश गर्नु पर्नेछ वा प्रभु बैंक खात्ता नं. १७५००२०११३६६४३००००१ मा पनि जम्मा गर्न सकिनेछ ।।
१०. यस सम्बन्धी विशेष जानकारी लिनु परेमा ९८५५०४४०२३ मा फोन गरेर जानकारी लिन सक्नु हुनेछ ।
११. रितपूर्वक नआएको वा म्याद नाघी आएको दरखास्त उपर कुनै कार्यवाही गरिने छैन् ।
१२. उमेरको हद : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
१३. अन्तर्वाताको मिति : मिति २०७७/०२/०१ गते
१४. अन्तवर्ता हुने स्थान : नगर कार्यपालिकाको कार्यालय ।

(नोट SBAतालिम प्राप्तलाई प्रथमिकता दिईने छ ।)

प्रमुख प्रशासकीय अधिकृत
परोहा नगरपकालिका





बृन्दावन नगरपालिकाको कार्यालय
विश्रमापुर रौतहटद्वारा जनहितमा जारी सन्देश

## गाउँ नगर टोल छर छिमेक सफा राखौं ।

प्रदुषणबाट हुने रोगबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं ।

– माधवनारायण नगरपालिकाको कार्यालय माधोपुर रौतहटद्वारा जनहितमा जारी सन्देश